# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, असोज ११ गते २०५० साल ( अतिरिक्ताङ्क ३४ (ख)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनवादी गणतन्त्र चीनको राजकीय भ्रमण पूरा गरी स्वदेश फिरिबक्सँदा २०५० साल आश्विन ११ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका राष्ट्रपति महामहिम च्याङ चमिनको मैत्रीपूर्ण निमन्त्रणामा चीनको राजकीय भ्रमण पूरा गरी आज स्वदेश फर्कदा हामीलाई खुशी लागेको छ ।

राजकीय भ्रमणका अवसरमा हामीले चीनका राष्ट्रपति र प्रधानमन्त्री लगायत विभिन्न नेताहरूसँग भेटघाट गर्ने, पुरानो सम्बन्धलाई नवीकरण गर्ने तथा नयाँ मित्रहरू बनाउने अवसर पायौं । चीनले आर्थिक क्षेत्रमा प्राप्त गरेको उल्लेखनीय उपलब्धीहरूको जानकारी गर्न र आपसी हितका द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयहरूमा मित्रराष्ट्र चीनको दृष्टिकोणसँग पनि अवगत हुन पायौं । नेपालको सामाजिक एवं आर्थिक विकासका लागि चीन सरकारले दर्शाएको अभिरूचिको हामी सराहना गर्दछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

829

यस राजकीय भ्रमणले नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीनबीच रहि-आएको परम्परागत मैत्रीपूर्ण सम्बन्ध तथा सद्भावनालाई दुवै देशको दीर्घकालीन हितमा अझ सुदृढ गर्न योगदान पुऱ्याएकोमा हामी विश्वस्त छौं।

हामी प्रति देखाइएको सम्मान र सद्भावनालाई हामीले नेपाल र नेपाली जनताप्रति मित्र राष्ट्र चीनको सरकार र जनताको मित्रता र शुभेच्छाको अभिव्यक्तिको रूपमा लिएका छौं। यसका लागि हामी चीनका राष्ट्रपति, प्रधानमन्त्री एवं चिनिया सरकार, नेताहरू र जनतालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राज-प्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई हामी धन्यवाद दिन्छौं। साथै आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्सेबमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
432